# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

बैठक संख्या ७०　　　　मितिः२०७६/०६/०६

उपस्थिती

| | | | | |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| ४ | वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | सदस्य | |
| ५ | वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | सदस्य | |
| ६ | वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ७ | वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ८ | वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ९ | वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | सदस्य | |
| १० | वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | सदस्य | |
| ११ | वडा अध्यक्ष,वडा नं ८ | श्री गोपीचन्द्र गौतम | सदस्य | |
| १२ | वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १३ | वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| १४ | वडा अध्यक्ष,वडा नं ११ | श्री भैरवबहादुर खड्का | सदस्य | |
| १५ | सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १६ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| १७ | सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १८ | सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| १९ | सदस्य | श्री दिलमाया शिवा | सदस्य | |
| २० | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २१ | सदस्य | श्री खिनमान दास | सदस्य | |
| २२ | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| | | | | |

नगर कार्यपालिकाको बैठक बैठक संख्या ७० मिति २०७६/०६/०६

मिति २०७६/०६/०६ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु

१. आजको बैठकमा नगरपालिकाका विभिन्न शाखाहरुले भाद्र महिनामा सम्पादन गरेका गतिविधि तथा शाखागत प्रगति तथा आय व्यय बारे छलफल तथा समिक्षा गरियो ।

२. नगरपालिकामा विगत वर्षहरु देखि नै करार सेवामा कार्यरत कर्मचारीहरुको करारलाई संलग्न बमोझिमको तलबभत्ता तथा सेवा सुविधा दिने गरी निरन्तरता दिने तथा कम्प्युटर अपरेटर श्री वसन्तबहादुर बुढाथोकी र सहायक कम्प्युटर अपरेटर श्री भगवति कार्की महतसँग सम्बन्धित पदको सुरु तलबमान तथा साविक बमोजिमकमा अन्य सेवा सुविधा रहने गरी आगामी २०७७ आषाढ मसान्त सम्मका लागि करार नविकरण गरी कामकाजमा लगाउने । साथै पाचौं नगर सभाको निर्णय नं ६ बमोजिम कार्यालयको आवश्यकता अनुसार प्राविधिक र श्रेणिविहिन कर्मचारीहरु करार सेवामा पदपूर्ती गर्नका लागि पदसंख्या निर्धारण गर्न देहाय बमोजिमको समिति निर्माण गरी जिम्मेवारी दिने ।

| | |
|---|---|
| उप प्रमुख श्री कमला खतिवडा आचार्य | संयोजक |
| वडा अध्यक्ष,वडा नं ३ श्री जीवकुमार भण्डारी | सदस्य |
| संयोजक,सार्वजनिक सेवा तथा क्षमता विकास समिति श्री हरिमाया भण्डारी | सदस्य |
| नगर सभा सदस्य श्री कुन्दन भट्टराई | सदस्य |
| लेखा अधिकृत श्री रामचन्द्र घिमिरे | सदस्य |
| जिन्सी शाखा प्रमुख श्री तिवेन्द्र अधिकारी | सदस्य |
| प्रशासकीय अधिकृत श्री डेनजनी आचार्य | सदस्य सचिव |

उक्त समितिले १५ दिन भित्र नगर कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्ने ।

३. मिति २०७६/०५/१५ को कार्यपालिका बैठकबाट उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजना सञ्चालन गर्दा १० प्रतिशत लागत सहभागिता अनिवार्य गरिएकामा विपद् व्यवस्थापन तथा मर्मत सम्भार सम्बन्धि योजनामा उपरोक्त बमोजिमको नगद साझेदारी अनिवार्य नगर्ने ।

४. नगरपालिकाको कृषि विकास तथा पशु पंक्षी विकास शाखाबाट वितरण गरिने विभिन्न प्रकारका अनुदानहरुलाई प्रभावकारी तथा व्यवस्थित गर्न अनुदान वितरण सम्बन्धि मापदण्ड तथा कार्यविधि निर्माण गर्न देहाय अनुसारको समिति निर्माण गरी जिम्मेवारी दिने ।

| | |
|---|---|
| आर्थिक विकास समिति संयोजक श्री दिलमाया दास | संयोजक |
| विधेयक समिति (कार्यपालिका )संयोजक श्री शारदाकुमारी भट्टराई | सदस्य |

विधायन समिति (नगर सभा) संयोजक श्री सेवन्तकुमार ढकाल सदस्य

कृषि विकास शाखा प्रमुख सदस्य

पशुविकास शाखा प्रमुख सदस्य

बैठकमा जुन शाखाको विषयमा छलफल हुन्छ सम्बन्धित शाखाको प्रमुखले सदस्य सचिवको रुपमा काम गर्ने ।

५. यस नगरपालिकामा रहेका सबै प्रकारका श्रमिक संगठनहरुलाई सुचिकृत हुन ७ दिने सूचना प्रकासन गर्ने ।

६. नदिजन्य सामाग्री ढुवानी गर्ने सवारीसाधनमा पूर्वाधार प्रयोग शुल्क संकलन गर्न ठेक्का आह्वान गरिएकामा तोकिएको म्याद भित्र कुनै पनि निवेदन नपरेकाले पुनःसूचना निकाल्ने ।साथै,नदिजन्य सामाग्री उत्खननका लागि स्थानीय स्तरमा सहमतिको प्रयास भइरहेकाले सहमति भए पश्चात सूचना निकाल्ने ।

७. चालु आर्थिक वर्षमा भुक्तानी हुने गरी वडा नं ३ मा रेन्बो चौकमा कल्भर्ट निर्माणका लागि बजेट विनियोजन भएकामा उक्त स्थानमा कल्भर्ट भन्दा सडक मर्मत गर्नु उपयुक्त हुने देखिएकाले सडक मर्मतकै लागि योजना सम्झौता तथा लगत स्टमेट तयार भएकोमा उक्त कार्यलाई अनुमोदन गर्ने ।

हरी कुमार राना मगर
नगर प्रमुख